बैठक संख्या :..८....

आज मिति २०७४ साल आश्विन ३० गतेका दिन गाउँपालिका अध्यक्ष श्री लक्षिमन बोहोराज्युको अध्यक्षतामा पातारासि गाउँकार्यपालिकाको बैठक बसी तपशिल बमोजिमका निर्णयहरु गरियो

उपस्थिति

| | | |
|---|---|---|
| श्री लछिमन बोहोरा | अध्यक्ष | ९८४८९००२५८ |
| श्री पुन्नकलि बोहोरा | उपाध्यक्ष | ९८४८९८६६८७ |
| श्री दत्त बहादुर बुढा | सदस्य | ~~९८४८~~ ९८४८०६८६१० |
| श्री कन्न बोहोरा | सदस्य | ९८४८९४८८६८ |
| श्री बृर्षराम बोहोरा | सदस्य | ९८४८९२५७६३ |
| श्री कालि बहादुर रावत | सदस्य | |
| श्री डिल बहादुर बुढा | सदस्य | |
| श्री धन बहादुर थापा | सदस्य | ९८४८२९१८२१४ |
| श्री लाल बहादुर बुढा | सदस्य | ९८४८१०८४०३ |
| श्री जानकलि बुढा | सदस्य | |
| श्री लक्ष्मी बुढा | सदस्य | |
| श्री माया बुढा | सदस्य | |
| श्री चैत्री एडि | सदस्य | |
| श्री मैना कामि | सदस्य | |
| श्री पानकली नेपाली | सदस्य | |
| श्री ~~राम~~ बहादुर बुढा कार्यकारी अधिकृत | सदस्य सचिब | |

आमन्त्रित

श्री टिकाराज न्यौपाने आप्रपा 9848300145 (9748504820
श्री मोहनचन्द्र पाण्डे लेखापाल
श्री दान बहादुर शाही प्रशासन
श्री अभय रत्न रेग्मी प्रशासन प्रमुख

बैठकको एजेण्डाहरु

- ❖ कार्यक्रम तथा बजेट संशोधन सम्बन्धमा
- ❖ कृषि तथा पशु विकास कार्यक्रम स्विकृत सम्बन्धमा
- ❖ विद्यालय भवन निर्माणका लागि विद्यालय छनौट सम्बन्धमा
- ❖ सवारी साधन खरिद सम्बन्धमा
- ❖ खरिद समिति गठन सम्बन्धमा
- ❖ अन्य विविध

Scanned with CamScanner

## निर्णयहरु

### निर्णय नं १

आ.व.०७४/७५ को नीति,कार्यक्रम तथा बजेट अन्तर्गतको अनुसुचि ६ मा विनियोजन गरिएको कार्यक्रम तथा बजेटमा देहाय बमोजिम संशोधन गर्ने निर्णय भयो ।

- गाउपालिका भवन निर्माण — रु.६५ लाख
- वडा पुजिगत अनुदान — रु.२ करोड २० लाख
- ७ नं. वडा कार्यालय भवन निर्माण — रु.१० लाख
- उर्थु पेरे सडक स्तरोन्नति कार्य — रु.२ करोड ६० लाख
- आकस्मिक कोष — रु.४० लाख
- सुचना प्रविधि — रु.५ लाख
- वन तथा बातावरण विकास — रु.५ लाख
- सवारी साधन खरिद — रु.२५ लाख
- चुकेनी जलविद्युत अनुदान — रु.२ करोड
- कृषि विकास सम्बन्धी कार्यक्रम — रु.७० लाख ९६ हजार
- पशु विकास सम्बन्धी कार्यक्रम — रु.२३ लाख ७५ हजार
- संस्कृति प्रवर्द्धन कार्यक्रम — रु.५ लाख
- खेलकुद तथा मनोरञ्जन कार्यक्रम — रु.३ लाख ५० हजार
- सडक सर्भेक्षण कार्य — रु.४० लाख

### निर्णय नं.२

उपरोक्त कार्यक्रम तथा बजेट संशोधनका आधारमा कृषि विकास सम्बन्धी कार्यक्रम र पशु विकास सम्बन्धी कार्यक्रमहरु स्विकृत गरियो ।

### निर्णय नं.३

आ.व.०७४/७५ को शिक्षा पुर्वाधार विकास कार्यक्रम अन्तर्गत देहायका विद्यालयहरुमा २ काठे भवन निर्माणका लागि जिल्ला शिक्षा कार्यालय,जुम्लामा शिफारिस गर्ने निर्णय भयो ।

तपसिल

**क) २ कोठे भवन निर्माण**

१) गंगादेवि प्रा.वि.स्यालाघरीगाउ,वडा नं.१

२) ज्योति प्रा.वि.लासी,वडा नं.५

३) महारुद्र नि.मा.वि.पटमारा,वडा नं.७

**ख) ४ कोठे भवन निर्माण**

१) ऋणमोक्ष उ.मा.वि.,डिल्लीचौर,वडा नं.४

ग) **शौचालय निर्माण**

१) सरस्वती प्रा.वि.हुरी,वडा नं.३

घ) मर्मतसंभार

१) नि.मा.वि. लुम,वडा नं.४

२) गौरी प्रा.वि. भाता,वडा नं.६

३) छुमचौर प्रा.वि.,छुमचौर,वडा नं.३

४) गंगादेवि प्रा.वि.स्यालाघरीगाउ,वडा नं.१

## निर्णय नं.४

आ.व.०७४/७५ को विकास आयोजनाहरुको निर्माण गर्नका लागि बिभिन्न वडाहरुमा गै लागत अनुमान तयार गर्ने,निरीक्षण अनुगमन समेत गर्नु पर्ने भएको र वडा अध्यक्ष ज्युहरुलाई समेत बिभिन्न बैठक सभामा सहभागी हुनका लागि सवारी साधनको आवश्यकता भएको हुदा गाउ कार्यपालिकाको कार्यालयमा मौजुदा समेतबाट अपुग हुने भएकोले वडा अध्यक्ष,प्राविधिक तथा कार्यालयलाई समेत पुग्ने गरी केही संख्यामा सवारी साधन खरिद शीर्षकमा विनियोजन भएको रकमबाट मोटरसाईकिल खरिद गर्ने निर्णय गरियो ।

## निर्णय नं.५

आ.व.०७४/७५ को सम्पुर्ण खरिद कार्यका लागि देहाय बमोजिमको खरिद समिति गठन गरी मिति २०७४/०५/१६ गते गठित खरिद समिति विघटन गर्ने निर्णय गरियो ।

<u>तपशिल</u>

**संयोजक श्री राम बहादुर बुढा (कार्यकारी अधिकृत)**
**सदस्य श्री छत्त बहादुर बुढा (सब ईन्जीनियर)**
**सदस्य श्री माहाकृष्ण पाण्डे लेखापाल (लेखा शाखा)**
**सदस्य श्री अभय राज रेग्मि (जिन्सिशाखा)**

## निर्णय नं.५

निम्न बमोजिमका योजनाहरु तत्काल नगरी नहुने देखिएको हुदा उपभोक्ताहरुको माग तथा स्थलगत निरीक्षणको आधारमा बजेट विनियोजन गरी संचालन गर्ने निर्णय गरियो ।

**तपसिल**

| | |
|---|---|
| ❖ लुमगाउ माथिल्लो बाटोको पहिरो सफा | रु.५० हजार |
| ❖ चौर जाने बाटो पहिरो सफ ागर्ने | रु.५० हजार |
| ❖ चौरखोला काठेपुल मर्मत | रु.५० हजार |
| ❖ सडक मर्मत (रानाराउता र कोठा भिर) र गाउपालिका प्रवेश द्वार निर्माण | रु. ५ लाख २९ हजार |
| ❖ उर्थु पुलवारी स्लाप र्‍याप मर्मत | रु.५ लाख |
| ❖ बिभिन्न साझेदारी समपुरक कोष | रु.५ लाख |

Scanned with CamScanner

**निर्णय नं.६**

विभिन्न विद्युत मर्मत सम्वन्धी कार्यका लागि प्राविधिक लागत अनुमान तयार गरी अर्को बैठकमा छलफल गर्ने निर्णय गरियो ।

**निर्णय नं.७**

पातारासी गाउपालिका वडा नं.४ निवासी रिटे कामीको २०७४ साल श्रावण ९ गतेका दिन बर्षा र पहिरोका कारणले घर भत्किन गई घरवास विहिन भएकोले अपाङ्ग,गरिव,दलित र आर्थिक अवस्था समेत कमजोर भएको हुदा घरवास पुनर्वास गर्नका लागि रु.१५०००।०० विनियोजन गर्ने निर्णय भयो ।